# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको City of London का Lord Mayor Rt. Hon. Dr. Andrew Parmley को प्रतिनिधि मण्डलद्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको City of London का Lord Mayor Rt. Hon. Dr. Andrew Parmley को नेतृत्वमा आएको सात



सदस्यीय प्रतिनिधिमण्डलले माघ ११ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो । उक्त अवसरमा नेपालमा लगानीका सम्भावनाहरू बारे छलफल भयो । सो अवसरमा Lord Mayor Rt. Hon. Dr. Parmley ले DFID द्वारा तयार पारेको Project Finance Summary Report गभर्नर डा. नेपाललाई हस्तान्तरण गर्नुभयो । उक्त प्रतिवेदनका आधारमा बैदेशिक लगानी सम्बन्धी नियमनका प्रावधानहरू आवश्यक परिमार्जनमा सहयोग पुग्ने विचार गभर्नर डा. नेपालले उल्लेख गर्नुभयो । गभर्नर डा. नेपालले DFID तथा संयुक्त अधिराज्य सरकारले नेपाललाई प्रदान गरेको विभिन्न बैदेशिक सहयोगको लागि धन्यवाद दिनु भयो । सो अवसरमा Rt. Hon. Dr. Parmley र UK का राजदूत Richard Morris ले नेपालमा लगानी आकर्षक गर्न विभिन्न सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

**२०७३ माघ ११, मंगलबार**

**गभर्नरको कार्यालय**